## प्रादेशिक कृषि-मौसम सल्लाह बुलेटिन प्रकाशन तथा प्रसारण मापदण्ड, २०७९

मन्त्रीस्तरबाट स्वीकृत मिति २०७९/०३/०३

**प्रस्तावना**ः-कृषकलाई साप्ताहिक रुपमा मौसम पूर्वानुमान तथा सावधानीका उपायबारे अग्रिम अवगत गराई कृषि कार्यको व्यवस्थापन, अप्रत्यासित मौसमी परिवर्तनबाट हुने क्षति र जलवायुजन्य जोखिम न्यूनीकरण गर्दै क्षमता अभिवृद्धिमार्फत कृषकको उत्थानशील क्षमता विकास गर्ने उद्देश्यले कृषि-मौसम सल्लाह बुलेटिन प्रकाशनका लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

१. **प्राविधिक पक्षः**

क. कृषि-मौसम सल्लाह बुलेटिन तयारीको लागि भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयको, कृषि विकास महाशाखाले सचिवालयको रुपमा भूमिका निर्वाह गर्नेछ। सो सम्बन्धी बैठकको आयोजना तथा समन्वयको कार्य मन्त्रालयमार्फत हुनेछ।

ख. कृषि-मौसम सल्लाह बुलेटिन तयारी र प्रसारणको व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको एक प्रदेशस्तरीय समन्वय समिति रहनेछः-

(क) सचिव, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय - संयोजक

(ख) प्रमुख, कृषि विकास निर्देशनालय, पोखरा - सदस्य

(ग) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखरा - सदस्य

(घ) निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, लुम्ले - सदस्य

(ङ) प्रमुख, जल तथा मौसम विज्ञान विभाग, पोखरा कार्यालय - सदस्य

(च) प्रमुख, ली-बर्ड, पोखरा कार्यालय - सदस्य

(छ) प्रमुख, कृषि विकास महाशाखा, भू.व्य.कृ.स.ग.नि.म., पोखरा - सदस्य-सचिव

ग. समन्वय समितिको बैठक चौमासिक रुपमा बस्नेछ। समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

घ. समन्वय समितिले कृषि-मौसम सल्लाह बुलेटिन प्रकाशन तथा प्रचारप्रसार सम्बन्धी जनशक्ति व्यवस्थापन तथा परिचालन, बजेट व्यवस्थापन र अन्य व्यवस्थापन सम्बन्धी काम गर्न र गराउन विषय विज्ञ कार्यदल तथा यस मापदण्डसँग सम्बन्धित अन्य सरोकारवाला निकायहरुलाई निर्देशन दिन सक्नेछ।

ङ. **विषय विज्ञ कार्यदलः** (१) साप्ताहिक कृषि-मौसम सल्लाह बुलेटिन तयार गर्न देहाय बमोजिम एक विषय विज्ञ कार्यदल रहनेछ।

(क) प्रमुख, कृषि विकास महाशाखा, भू.व्य.कृ.स.ग.नि.म. -संयोजक

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(ख) बाली विज्ञ -सदस्य

(ग) बागवानी विज्ञ -सदस्य

(घ) बाली रोग विज्ञ -सदस्य

(ङ) कीट विज्ञ -सदस्य

(च) पशु चिकित्सक -सदस्य

(ज) जल तथा मौसम विज्ञ -सदस्य

(झ) अधिकृतस्तर प्रतिनिधि, कृषि विकास निर्देशनालय -सदस्य

(ञ) अधिकृतस्तर प्रतिनिधि, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ट) प्रतिनिधि, लि-बर्ड, पोखरा कार्यालय -सदस्य

(ठ) अधिकृतस्तर कर्मचारी, कृषि विकास महाशाखा, भू.व्य.कृ.स.ग.नि.म. - सदस्य-सचिव

(२) विषय विज्ञ भन्नाले कम्तिमा स्नाकोत्तर तह उतीर्ण गरी सम्बन्धित क्षेत्रमा ३ बर्षभन्दा बढी अनुभव प्राप्त वैज्ञानिक वा अधिकृतलाई सम्झनुपर्दछ।

(३) विषय विज्ञ कार्यदलको बैठक हरेक हप्ताको शुक्रबार कार्यालय समयपश्चात बस्नेछ। यदि सो दिन सार्वजनिक बिदा हुन गएमा अघिल्लो दिन बिहिवार कार्यालय समयपश्चात बस्न सक्नेछ। यदि दुवै दिन सार्वजनिक बिदा हुने परिस्थिति भएमा कार्यदलले प्रकाशनमा असर नपर्ने गरी कुनै समय तोकी बैठक बस्न सक्नेछ।

(४) समन्वय समितिको परामर्शमा मन्त्रालयले उपलब्ध जनशक्तिलाई आधार मानी सम्बन्धित विज्ञहरुको छनौट गर्नेछ।

(५) विज्ञहरुको छनौट गर्दा गण्डकी प्रदेशभित्र रहेका संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मातहतका कार्यालय, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका कार्यालय, नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका कार्यालय, जल तथा मौसम विज्ञान विभाग अन्तर्गत प्रदेशस्तरको कार्यालयबाट हुनेछ। तर समन्वय समितिको परामर्शमा अन्य सम्बन्धित विषयका विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ।

(६) विषय विज्ञ कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) साप्ताहिक रुपमा मौसमी तथ्याङ्क तथा प्रतिवेदनको प्राप्ति गर्ने,

(ख) प्राप्त तथ्याङ्क तथा प्रतिवेदनको संश्लेषण, विश्लेषण गरी मौसमी सारांश तयार गर्ने,

(ग) मौसमी सारांशको आधारमा कृषि तथा पशुपन्छीमा हुने सम्भावित जलवायुजन्य जोखिमहरुको पहिचान गरी सावधानीका उपायहरु वा प्राविधिक पक्षलाई समावेश गरी बुलेटिन तयार गर्ने,

प्रदेश सरकार भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय गण्डकी प्रदेश पोखरा

(घ) मौसमी प्रतिकूलताका आधारमा जलवायु अनुकूलन तथा उत्थानशील सम्बन्धी ज्ञान, सीप तथा प्रविधिको पहिचान गरी बुलेटिनमा समावेश गर्ने,

(ङ) तथ्यपरक तथ्याङ्क प्राप्त गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(छ) समन्वय समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने।

च. **तथ्याङ्क संकलन**: (१) मौसम सम्बन्धी साप्ताहिक तथ्याङ्क जल तथा मौसम विज्ञान विभाग वा सो विभाग अन्तर्गतको पोखरा कार्यालयबाट प्राप्त हुनेछ। प्राप्त तथ्याङ्कको विष्लेषण गर्ने जिम्मेवारी जल तथा मौसम विज्ञको हुनेछ।

(२) कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले अनुसूची -१ र २ बमोजिमको विवरण संकलनका लागि १/१ जना फोकल अधिकृत तोक्नेछन्। फोकल अधिकृतले सम्बन्धित जिल्लाको स्थानीय तहका कृषि तथा पशु शाखाका प्राविधिक कर्मचारीसँग टेलिफोन, पत्राचार वा अन्य कुनै माध्यमबाट विवरण संकलन गरी साप्ताहिक रुपमा सम्बन्धित निर्देशनालयमा पेश गर्नुपर्नेछ। यसरी विवरण पेश गर्दा प्रत्येक हप्ताको विहिवार दिउसो १ बजेसम्म गरिसक्नुपर्नेछ।

(३) कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट प्राप्त भएको तथ्याङ्क प्रतिवेदनलाई सम्बन्धित निर्देशनालयको तर्फबाट विषय विज्ञ कार्यदलको सदस्य चयन भएका अधिकृतले समाहित गरी विषय विज्ञ कार्यदको नियमित बैठकमा छलफलको लागि पेश गर्नुपर्नेछ।

छ. **प्रकाशन हुने विषयवस्तु**: (१) उपलब्ध तथ्याङ्कको विश्लेषण गरी बुलेटिनमा साप्ताहिक मौसमी अवस्थाको सारांश, कृषि तथा पशुपन्छी अवस्थाको सारांश र कृषि सल्लाह गरी ३ खण्डमा विषयवस्तु समावेश गरी अनुसूची-३ अनुसारको फर्मेटमा बुलेटिन प्रकाशन गरिनेछ।

(१) मौसमी सारांशमा गत हप्ता तथा आगामी हप्ताको जिल्लागत रुपमा मौसमी अवस्थाको बारेमा उल्लेख गर्नुपर्नेछ।

(२) कृषि सारांशमा कृषि, पशुपन्छी तथा मत्स्यपालन कृषकहरुले आगामी हप्ता व्यवस्थापनमा तत्काल ध्यान दिनुपर्ने विषयहरु उल्लेख गर्नुपर्नेछ।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(३) कृषि सल्लाहमा मौसम अनुसार लगाइने मुख्य खाद्यान्न, फलफूल, तरकारी वा अन्य बाली, पशुपन्छी तथा मत्स्यपालनमा देखिएका र सम्भावित जलवायुजन्य जोखिमको रोकथाम तथा न्यूनीकरणका लागि अपनाउनुपर्ने सावधानीका विषयहरुलाई विस्तृत रुपमा समावेश गर्नुपर्नेछ।

ज. **प्रचारप्रसार व्यवस्थापन:** (१) बुलेटिनको प्रचारप्रसार गर्नका लागि भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेबसाइटमा प्रकाशन गर्न र मातहतका निकायहरुलाई ईमेलमार्फत जानकारी गराउने व्यवस्था गरिनेछ।

(२) प्रदेशस्थित सबै कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरुले आफ्नो कार्यालयको वेबसाइट, समाजिक सञ्जाल र सूचना पाटीमा मन्त्रालयबाट प्राप्त बुलेटिन अनिवार्य टाँस गर्ने व्यवस्था गर्नुपर्नेछ।

(३) बुलेटिनलाई गण्डकी प्रदेशका सबै स्थानीय तहहरुमा ईमेलमार्फत पठाई सूचना पार्टीमा टाँस गर्ने र जनप्रतिनिधिहरु तथा कृषक समूह/सहकारीहरुलाई जानकारी गराउन अनुरोध गरिनेछ।

(४) मौसमी संवेदनशीलतालाई मध्यनजर गरी आवश्यकता अनुसार प्रदेश भित्रका एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अन्य संचार माध्यममार्फत प्रचारप्रसार गर्ने व्यवस्था गरिनेछ।

(५) नेपाल टेलिकमसँग सहकार्य गरी स्थानीय तहका जनप्रतिनिधिहरु, फोकल अधिकृतहरु, स्थानीय तहका कृषि तथा पशुपन्छीसँग सम्बन्धित प्राविधिकहरु, अगुवा कृषकहरु तथा अन्य सरोकारवालाहरुलाई एस.एम.एस. प्रणालीमार्फत आवश्यकता अनुसार प्रतिकूल मौसमको अवस्थामा एस.एम.एस. पठाउने व्यवस्था गरिनेछ।

२. **आर्थिक पक्ष:**

क. कृषि-मौसम सल्लाह बुलेटिन सम्बन्धी कार्यहरु संचालन गर्दा प्रदेश सरकारको प्रचलित मापदण्ड तथा सार्वजनिक खरिद ऐन/नियमावली अनुसार गरिनेछ।

ख. वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही नियमानुसार बैठक भत्ता, खाजा खर्च, भ्रमण खर्च, संलग्न कर्मचारीलाई अभिमूखीकरण, क्षमता अभिवृद्धि तालिम तथा भ्रमण, स्टेशनरी, प्रिन्टिङ, प्रकाशन, प्रचारप्रसार, प्रयोगशाला परीक्षण आदीमा खर्च गर्न गरिनेछ।

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

कार्यालयको छाप

अनुसूची-१

(बुँदा १ च (२) सँग सम्बन्धित)

<u>कृषि ज्ञान केन्द्रद्धारा साप्ताहिक रुपमा भरी पेश गर्नुपर्ने विवरण</u>

जिल्लाको नाम:............................. मितिः.............................

<table>
<tr><td rowspan="2">गत हप्ताको मौसमको अवस्था</td><td colspan="3">वर्षाको अवस्था</td><td colspan="2">बादल/ कुहिरोको अवस्था</td><td>कैफियत</td></tr>
<tr><td colspan="3">हल्का वर्षा- सरदर घण्टा......<br>मध्ययम वर्षा सरदर घण्टा......<br>भारी वर्षा सरदर घण्टा......</td><td colspan="2">सफा<br>आशिंक बदली<br>पूर्ण बदली</td><td></td></tr>
<tr><td rowspan="2">मौसमले बालीनालीमा परेको सकारात्मक तथा नकारात्मक प्रभाव</td><td>बालीको नाम</td><td colspan="2">सकारात्मक प्रभाव</td><td colspan="2">नकारात्मक प्रभाव</td><td>कैफियत</td></tr>
<tr><td>१.<br>२.<br>३.<br>४.</td><td colspan="2"></td><td colspan="2"></td><td></td></tr>
<tr><td rowspan="2">आकस्मिक प्रतिकूल मौसमले बालीनाली क्षतिको अवस्था</td><td>प्रतिकूल मौसम</td><td>प्रतिकूल मौसमले ल्याएको विपत</td><td>क्षति भएको जात/बाली</td><td>क्षतिको अनुमानित परिमाण (टन/क्षे.)</td><td>क्षतिको अनुमानित मूल्य रु. मा</td><td rowspan="2">बढी क्षति पुगेका स्थानहरु</td></tr>
<tr><td>१.<br>२.<br>३.</td><td>१.<br>२.<br>३.</td><td>१.<br>२.<br>३.</td><td>१.<br>२.<br>३.</td><td>१.<br>२.<br>३.</td></tr>
<tr><td rowspan="2">हाल खेती भइरहेको बालीको अवस्था</td><td colspan="2">बालीको नाम</td><td colspan="3">बालीको अवस्था</td><td>कैफियत</td></tr>
<tr><td colspan="2">१.<br>२.<br>३.</td><td colspan="3">१.<br>२.<br>३.</td><td></td></tr>
<tr><td rowspan="2">बालीनालीमा मुख्य रोगकिराको अवस्था</td><td>बालीको नाम</td><td>देखा परेका रोगकिरा</td><td>प्रकोप अवस्था</td><td colspan="2">तत्काल व्यवस्थापन गर्न पर्ने वा नपर्ने अवस्था</td><td rowspan="2">बढी रोगकिरा लागेका स्थानहरु</td></tr>
<tr><td>१.<br>२.<br>३.</td><td>१.<br>२.<br>३.</td><td>१.<br>२.<br>३.</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">अन्य केही सुझावहरु भएमा उल्लेख गर्नुहोस्</td><td colspan="4"></td><td></td></tr>
<tr><td colspan="2">प्रतिवेदन तयार गर्नेको नाम र हस्ताक्षर:</td><td colspan="4">प्रतिवेदन प्रमाणित गर्नेको नाम र हस्ताक्षर:</td><td></td></tr>
</table>

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| कार्यालयको छाप |
|---|

अनुसूची-२

(बुँदा १ च (२) सँग सम्बन्धित)

**भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रद्धारा साप्ताहिक रुपमा भरी पेश गर्नुपर्ने विवरण**

जिल्लाको नाम:..................  मिति:.........................

| गत हप्ताको मौसमको अवस्था | वर्षाको अवस्था (दैनिक) | बादल/ कुहिरोको अवस्था | कैफियत |
|---|---|---|---|
| | हल्का वर्षा- सरदर घण्टा......<br>मध्ययम वर्षा सरदर घण्टा......<br>भारी वर्षा सरदर घण्टा...... | सफा<br>आशिंक बदली<br>पूर्ण बदली | |

| मौसमले पशुपन्छी तथा मत्स्यमा पारेको सकारात्मक तथा नकारात्मक प्रभाव | पशुपन्छीको नाम | सकारात्मक प्रभाव | नकारात्मक प्रभाव | कैफियत |
|---|---|---|---|---|
| | १.<br>२.<br>३. | | | |

| आकस्मिक प्रतिकूल मौसमले पशुपन्छी तथा मत्स्यमा भएको क्षतिको अवस्था | प्रतिकूल मौसम | प्रतिकूल मौसमले ल्याएको विपत | क्षति भएको पशुपन्छी/मत्स्य | क्षतिको परिमाण(संख्या वा टन/क्षे.)) | क्षतिको अनुमानित मूल्य रु. मा | बढी क्षति पुगेका स्थानहरु |
|---|---|---|---|---|---|---|
| | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. |

| पशुपन्छी तथा मत्स्यमा रोगको अवस्था | पशुपन्छीको नाम | देखा परेका रोग | प्रकोप अवस्था | तत्काल व्यवस्थापन गर्न पर्ने वा नपर्ने अवस्था | बढी रोग लागेको स्थानहरु |
|---|---|---|---|---|---|
| | १.<br>२. | १.<br>२. | १.<br>२. | १.<br>२. | १.<br>२. |

| | | |
|---|---|---|
| अन्य केही सुझावहरु भएमा उल्लेख गर्नुहोस् | | |
| प्रतिवेदन तयार गर्नेको नाम र हस्ताक्षर: | प्रतिवेदन प्रमाणित गर्नेको नाम र हस्ताक्षर: | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसूची-३

(बुँदा १ छ(१) सँग सम्बन्धित)

## कृषि-मौसम सल्लाह बुलेटिन प्रकाशनको नमूना

### प्रादेशिक कृषि-मौसम सल्लाह बुलेटिन

**(Provincial Agro-met Advisory Bulletin-PAAB)**

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशद्धारा जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

| बर्ष- , अङ्क- | अवधी- | मिति- |
|---|---|---|

| |
|---|
| मौसमी अवस्थाको सारांश: |
| कृषि तथा पशुपन्छी अवस्थाको सारांश: |
| कृषि सल्लाह: |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा